# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पाँचौं अधिवेशन

बैठक संख्या - १

## दैनिक कार्यसूची

२०८१ माघ १८ गते, शुक्रबार

दिनको १:०० बजे

### राष्ट्रपतिको पत्र

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्रीको कार्यभार तोकिएको सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र

३. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन

४. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरुको मनोनयन गर्नुहुने ।

### अधिवेशन प्रारम्भको अवसरमा मन्तव्य

५. अधिवेशन प्रारम्भको अवसरमा दलीय आधारमा माननीय सदस्यहरुले आ-आफ्नो मन्तव्य राख्नुहुने ।

### अध्यादेश पेश

६. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

७. माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले:-

   (क) "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१" पेश गर्नुहुने ।

   (ख) "निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१" पेश गर्नुहुने ।

   (ग) "आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

८. माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले :-

(क) "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

(ख) "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

**शोक प्रस्ताव**

९. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुनेः-

(क) "नेपाली काँग्रेस पार्टीको तर्फबाट वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा काठमाडौं जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, २०४८ सालको प्रतिनिधि सभाको सभामुख, मानव अधिकार र सामाजिक सेवामा समर्पित, शान्ति प्रक्रियाका सक्रिय सहजकर्ता एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका दमननाथ ढुंगानाको ८३ वर्षको उमेरमा मिति २०८१ साल मंसिर २ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित सदस्य, संविधान निर्माण एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका अब्दुल हमिद सिद्धिकीको ६० वर्षको उमेरमा मिति २०८१ साल मंसिर ३ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "वि.सं. २०५६ सालको संसदीय निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट काठमाडौं जिल्ला क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य, पूर्व जनसंख्या तथा वातावरण मन्त्री, काठमाडौं महानगरको पूर्व नगरप्रमुख एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका प्रेमलाल सिंह (पी.एल.सिंह) को ८८ वर्षको उमेरमा मिति २०८१ साल पुस १ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(घ) "ने.क.पा. (एमाले) पार्टीको तर्फबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा बाग्लुङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, पूर्व ऊर्जा राज्यमन्त्री, लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका एवं हाल नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत समाजवादी) मा आवद्ध रामजीप्रसाद शर्माको ६७ वर्षको उमेरमा मिति २०८१ साल माघ ७ गते मृगौला रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

पद्म प्रसाद पाण्डेय
महासचिव